# समृद्धि फाइनान्स कम्पनी लिमिटेडको
# चौविसौं वार्षिक साधारण-सभाको निर्णय (माइन्युट) पुस्तिका

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको २४ औं वार्षिक साधारण-सभा सञ्चालक समितिको अध्यक्ष श्री अजय कुमार मिश्रज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

## १. सभाको मिति, समय र स्थान:

मिति : २०८२ माघ १४ गते, बुधवार (तद्नुसार २०२६ जनवरी २८ तारिख)
समय : विहानको ११:०० बजे
स्थान : होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा, मकवानपुर ।

## २. सभाको सूचना प्रकाशन:

क) यस फाइनान्स कम्पनीको २०८२/०९/२० मा बसेको सञ्चालक समितिको ५३७ औं बैठकको निर्णय तथा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(१) (क) मा भएको व्यवस्था अनुसार संस्थाको आ.व. २०८१/८२ को २४ औं वार्षिक साधारण-सभा मिति २०८२/१०/१४ गते होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुरमा विहान ११:०० बजे बस्ने भनी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था बमोजिम मिति २०८२/०९/२२ गते आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा र २०८२/१०/०७ गते आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु समेत समावेश गरी सूचना प्रकाशन गरिएको ।

(ख) चौविसौ वार्षिक साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, अनुसूचीहरु लगायतको पुस्तिका कम्पनीको वेभसाइटमा राखिएको तथा सवै शाखाहरु तथा प्रधान कार्यालयबाट संकलन गर्न सकिने व्यवस्था समेत गरिएको ।

## ३. सभामा उपस्थिति :

क. साधारण सभामा सञ्चालकज्यूहरुको उपस्थिति निम्न बमोजिम रहेको थियो ।

| | | |
|---|---|---|
| १. | श्री अजय कुमार मिश्र | अध्यक्ष |
| २. | श्री विनोद कुमार सुवेदी | सञ्चालक |
| ३. | श्री दुर्गा थापा | सञ्चालक |
| ४ | श्री दिनेश कुमार बर्तौला<br>(प्रतिनिधि, पद्मोदय प्रा.ली.) | सञ्चालक |
| ५. | श्री रोशन पन्त<br>(प्रतिनिधि, एस. जि. अर्गनाइजेसन प्रा. ली.) | सञ्चालक |

Samriddhi Finance

ख. सेयरधनीज्युको उपस्थिति

यस साधारण-सभामा भौतिक रुपमा स्वयम उपस्थित हुनुभएका सेयरधनीहरुको संख्या १४ रहेको ।

१. कृष्ण प्र. अधिकारी
२. विनोद कुमार सुवेदि
३. दुर्गा थापा
४. विजय सागर श्रेष्ठ
५. प्रमोद कुमार महासेठ
६. नीरा गोर्खाली
७. विरेन्द्र प्र. ढुंगाना
८. राज कुमार इटानी
९. शान्ती खनाल
१०. मधुसुधन कंसाकार
११. लक्ष्मी श्रेष्ठ
१२. प्रभास दुवाल
१३. राज प्रसाद श्रेष्ठ
१४. ज्ञान कृष्ण प्रजापति

ग. पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री सन्तोष कुमार घिमिरे | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री विनोद राज पौडेल | नायब महाप्रबन्धक तथा कम्पनी सचिव |
| ३. श्री चुडामणी खनाल | प्रमुख सञ्चालन अधिकृत |

घ. पर्यवेक्षक प्रतिनिधिको तथा आमन्त्रितको उपस्थिति

कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र शेयर रजिष्ट्रार ग्लोबल आई.एम.ई क्यापिटल लिमिटेड बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थिति नरहेको ।

ङ. शेयरधनीहरुको उपस्थिति

| विवरण | कुल संख्या | उपस्थिति | | कुल जम्मा | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् उपस्थित | प्रतिनिधि (प्रोक्सि द्धारा उपस्थित) | | |
| शेयरधनीहरुको संख्या | ११,६२४ | १४ | ८३ | ९७ | - |

Samriddhi Finance

| | | | | | |
|---|---|---|---|---|---|
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ८१,८९,११४ | १,४१,२३९ | ४२,३३,३२३ | ४३,७४,५६२ | ५३.४२ प्रतिशत |

४. **साधारण सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६९ मा उल्लेख भएबमोजिम सभाको वैधानिकता परीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) एवम् संस्थाको नियमावलीको नियम ५ मा भएको व्यवस्था बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई साधारण सभाको कारवाही हुने छैन भन्ने व्यवस्था भएकोमा स्वयम् उपस्थित १४ जना र प्रतिनिधिमार्फत उपस्थित ८३ जना गरि कुल ९७ जना शेयरधनीहरु उपस्थित हुनुभएको र कुल शेयर संख्याको ५३.४२ प्रतिशतको शेयरको प्रतिनिधित्व देखिएको हुँदा सभा पूर्ण वैधानिक भई सभाको काम कारवाही अघि बढाउन स्वीकृति भयो ।

५. **अध्यक्षद्धारा सञ्चालक समितिको प्रतिवेदन सहित साधारण सभाका एजेण्डाहरु प्रस्तुत :**

सञ्चालक समितिका अध्यक्ष श्री अजय कुमार मिश्रले मन्तव्यसहित सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो र बार्षिक प्रतिवेदनसँग प्रकाशित अन्य विवरणहरुको जानकारी दिनुभयो । साथै, अध्यक्षले आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन एवं अध्यक्षको अनुमतीले कम्पनी सचिवले २४ औं साधारण सभाका एजेण्डाहरु बैठकमा प्रस्तुत गर्नुभयो ।

**(क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, वित्तिय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचीहरू माथि छलफल गरि पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालकको नियुक्ति सम्बन्धी जानकारी तथा सो को अनुमोदन गर्ने सम्बन्धमा ।

५. विविध ।

Samriddhi Finance

(ख) विशेष प्रस्तावहरु :-

१. यस समृद्धि फाइनान्स कम्पनी लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. यस वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु. ८१,८९,११,४००।- रहेको र पोखरा फाइनान्स लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. १,०८,२५,५६,६०५।- रहेको र मर्जर पश्चात शेयर संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने ।

३. समृद्धि फाइनान्स कं. लि. र पोखरा फाइनान्स लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि मूल्यांकनकर्ता P.L.R.G Associates बाट प्राप्त सम्पत्ति तंथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम समृद्धि फाइनान्स कम्पनी लिमिटेडको १ कित्ता शेयर बराबर पोखरा फाइनान्स लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर कायम हुने गरी आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ताबराबर एक कित्ता) शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्ने ।

४. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त गरेको लेखापरीक्षक/मुल्याङ्कनकर्ता P.L.R.G Associates को नियुक्ति, निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५. यस संस्थाको मिति २०८१ मंसिर ६ गते सम्पन्न २३ औं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच मिति २०८२/०४/०४ गते (Memorandum of Understanding) समझदारीपत्रमा दस्तखत गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न र सो सम्बन्धमा भएका सम्पूर्ण खर्चहरु अनुमोदन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने ( मर्जर) पश्चात नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति लिई पोखरा फाइनान्स लिमिटेडको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने ।

Samriddhi Finance

७. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात गठन हुने सञ्चालक समितिमा संस्थाबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको प्रस्तावित नाम पारित गर्ने ।

८. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा पूँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफा तथा नियमहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु तथा आवश्यकता अनुसार संस्था दर्ता, प्यान दर्ता, खारेजी लगायतका कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

## ६. छलफलका लागि आव्हान

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ६ मा उल्लेख भए अनुरुप अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

## ७. सभामा व्यक्त भएका धारणा र सुझावको प्रस्तुतिकरण

छलफलमा सहभागी हुने शेयरधनीहरुका धारणा जिज्ञासा तथा सुझावलाई सारांशको रुपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

(क) शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले निष्कृय कर्जालाई अझ घटाई १ प्रतिशत भित्र ल्याउन र संचालक समितिको वैठक संख्यालाई कम गर्न सुझाव दिनुभयो ।

(ख) शेयरधनी श्री विरेन्द्र प्रसाद ढुंगानाले संस्थाको पूँजीमा क्षयीकरण भइरहेकोले सो लाई कम गर्न तथा शेयरधनीहरुलाई चाँडो भन्दा चाँडो नाफा वितरण गर्नेतर्फ ध्यान दिन सुझाव दिनुभयो ।

(ग) शेयरधनी श्री विजय सागर श्रेष्ठले हेटौडा स्थित कार्यालय सानो भएकोले संस्थाको नाममा रहेको हेटौडाको प्रमुख बजारमा अवस्थित आफ्नै जग्गामा घर वनाइ सर्न सुझाव दिनुभयो ।

## ८. सभाको प्रस्ताव तथा निर्णयहरु :

### (क) सामान्य प्रस्तावहरु तथा निर्णयहरु :

**प्रस्ताव नं. १. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

Samriddhi Finance

निर्णय : प्रस्ताव नं. १ मा कम्पनीका अध्यक्ष श्री अजय कुमार मिश्रज्यूले कम्पनीको गतिविधि र भावी योजना समेत समेटेर सभामा प्रस्तुत गर्नुभएको संस्थाको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा पेश हुँदा शेयरधनीहरुले राख्नुभएको जिज्ञासाको कम्पनीका अध्यक्षले जवाफ दिनुभए पश्चात् सो प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

**प्रस्ताव नं. २. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, वित्तिय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचीहरू माथि छलफल गरि पारित गर्ने ।**

निर्णय : प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/८२ का लेखापरीक्षक श्री एन.वि.एस.एम. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सले दिनुभएको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन, उक्त आर्थिक वर्षको वासलात, सो अवधिको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु सभामा पेश हुँदा शेयरधनीहरुले राख्नुभएको जिज्ञासाको कम्पनीका अध्यक्षले जवाफ दिनुभए पश्चात सो प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

**प्रस्ताव नं. ३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्णय :प्रस्ताव नं. ३ माथि छलफल गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यको लागि सोही ऐन को दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट देहाय बमोजिम प्रस्तावहरु प्राप्त भएका थिए ।

| क.सं | लेखापरीक्षण फर्मको नाम | प्रस्तावित शुल्क (मुल्य अभिबृद्धि कर बाहेक) | अन्य खर्च |
|---|---|---|---|
| १ | आर.एस.एम.ए. एसोसिएट्स् | रु. ३,००,०००/- | अन्य खर्च वास्तविक बिल बमोजिम |
| २ | एन.वि.एस.एम. एण्ड एसोसिएट्स् | रु ३,००,०००/- | अन्य खर्च वास्तविक बिल बमोजिम |
| ३ | वि.आर.एस. नेउपाने एण्ड कं. | रु. ३,६५,०००/- | अन्य खर्च वास्तविक बिल बमोजिम |

सिफारिस भए अनुसार सबैभन्दा कम प्रस्ताविक शुल्क आर.एस.एम.ए. एसोसिएट्स् र एन.वि.एस.एम. एण्ड एसोसिएट्स रहेकोमा आर.एस.एम.ए. एसोसिएट्सले मर्जरको Cut-Off मितिसम्मको प्रस्ताविक

Samriddhi Finance

लेखापरीक्षण शुल्कको समानुपातिक शुल्क मात्र लिने प्रतिवद्धता सहित प्रस्ताव पेश गरेकोले श्री आर.एस.एम.ए. एसोसिएट्सलाई आ.व. २०८२/८३ को लागि लेखापरीक्षण शुल्क रु ३००,०००/- ( मु.अ.क बाहेक) र काठमाडौं उपत्यका बाहिरका शाखा भ्रमणको खर्च वास्तविक बिल बमोजिम भुक्तानी गर्ने गरि लेखापरिक्षक नियुक्ति गर्ने सर्वसम्मत निर्णय भयो ।

**प्रस्ताव नं. ४. सञ्चालकको नियुक्ति सम्बन्धी जानकारी तथा सो·को अनुमोदन गर्ने सम्बन्धमा ।**

निर्णय :प्रस्ताव नं. ४ माथि छलफल गर्दा सञ्चालक समितिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ तथा कम्पनी ऐन, २०६३ को दफा ८७ बमोजिम आर्थिक बर्ष २०८१/८२ मा भएको देहायका सञ्चालकहरुको नियुक्तिको बारेमा जानकारी लिई निजहरुको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय भयो ।

| क.सं. | सञ्चालकको नाम थर | समुह | नियुक्ति मिति |
|---|---|---|---|
| १. | श्री अजय कुमार मिश्र | स्वतन्त्र | २०८२/०१/२५ |
| २. | श्री रोशन पन्त (प्रतिनिधि, एस. जि. अर्गनाइजेसन प्रा. ली.) | संस्थापक | २०८२/०१/२५ |

साथै समृद्धि फाइनान्स कं. लिमिटेडको **नियमावली**को नियम ८(३) मा **"सञ्चालकहरुको कार्यकाल बढीमा चार वर्षको हुनेछ । निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ"** भन्ने व्यवस्था रहेकोमा वर्तमान सञ्चालक समितिको चार बर्षे कार्यकाल यहि २४ औं वार्षिक साधारण सभासम्म मात्र रहेको भएता पनि समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्झौता भई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरेकाले **बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३** को नियम १३ मा **"गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुलाई प्रदान गरिने छुटहरु अन्तर्गत"** १३(१)(ढ) मा **"यस विनियमावली बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाका सञ्चालकहरुको तोकिएको कार्यकाल समाप्त भई निर्वाचन गर्नुपर्ने अवस्था भएतापनि गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् प्रचलित कानून बमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि सञ्चालक पदमा बहाल रहन ।"** व्यवस्था भएकोले वर्तमान सञ्चालक समितिका सञ्चालकहरुको कार्यकाल गाभिएर वा प्राप्ति (मर्जर) पश्चात् प्रचलित कानून बमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि थप गरि कायम गर्ने सर्वसम्मत निर्णय भयो ।

**प्रस्ताव नं. ५. विविध ।**

निर्णय : छलफलका अन्य विषयहरु नभएकोले अध्यक्षज्यूले सामान्य प्रस्तावहरु पारित गरिदिनु भएकोमा साधारण सभाका सबै शेयरधनीहरुलाई धन्यवाद दिंदै विशेष प्रस्तावहरु उपर छलफल गर्न आग्रह गर्नुभयो ।

Samriddhi Finance

(ख) विशेष प्रस्तावहरू तथा निर्णयहरु :

**विशेष प्रस्ताव नं. १. यस समृद्धि फाइनान्स कम्पनी लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

निर्णय : विशेष प्रस्ताव नं. १ माथि छलफल गर्दा यस समृद्धि फाइनान्स कम्पनी लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. २. यस वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु. ८१,८९,११,४००।- रहेको र पोखरा फाइनान्स लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. १,०८,२५,५६,६०५।- रहेको र मर्जर पश्चात शेयर संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने ।**

निर्णय : विशेष प्रस्ताव नं. २ माथि छलफल गर्दा यस वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु. ८१,८९,११,४००।- रहेको र पोखरा फाइनान्स लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. १,०८,२५,५६,६०५।- रहेको र मर्जर पश्चात शेयर संरचनामा परिवर्तन हुने भएकोले संलग्न तीनमहले बमोजिमको संस्थाको प्रबन्धपत्र - २०६५ को दफा ५ को उपदफा (क),(ख) र (ग) मा संसोधन गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

**समृद्धि फाइनान्स कम्पनी लिमिटेड**

**को**

**प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले**

**(२४ औं वार्षिक साधारण सभाको विशेष प्रस्ताव सँग सम्बन्धित )**

| क. सं. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | दफा ५(क): वित्तीय संस्थाको अधिकृत पूँजी रु. ८२,००,००,०००/०० (अक्षरेपी बयासी करोड मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले ८२,००,०००/०० ( बयासी लाख) थान साधारण शेयरमा विभाजित गरिएको छ । | दफा ५(क): वित्तीय संस्थाको अधिकृत पूँजी रु. २,३२,००,००,०००/०० (अक्षरेपी दुई अरव बत्तीस करोड मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले २,३२,००,००० (दुई करोड बत्तीस लाख) थान साधारण शेयरमा विभाजित गरिएको छ । | समृद्धि फाइनान्स कम्पनी लिमिटेड र पोखरा फाइनान्स लिमिटेड वीच एक आपसमा गाभ्ने/गाभिने ( मर्जर) हुने भएकोले सोहि बमोजिम पूँजी संशोधन गर्नुपर्ने |

Samriddhi Finance

| | | | |
|---|---|---|---|
| २. | दफा ५(ख): वित्तीय संस्थाको तत्काल जारी गर्ने पूँजी रु. ८१,८९,११,४००/०० (अक्षरेपी एकासी करोड उनान्नब्बे लाख एघार हजार चार सय मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले ८१,८९,११४ (एकासी लाख उनान्नब्बे हजार एक सय चौध) थान साधारण शेयरमा विभाजित गरिएको छ । | दफा ५(ख): वित्तीय संस्थाको तत्काल जारी गर्ने पूँजी रु. १,९०,१४,६८,००५/०० (अक्षरेपी एक अरव नब्बे करोड चौध लाख अड्सट्ठी हजार पाँच मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १,९०,१४,६८०.०५ (एक करोड नब्बे लाख चौध हजार छ सय असी दशमलव पाँच ) थान साधारण शेयरमा विभाजित गरिएको छ । | भएकोले । |
| | दफा ५(ग): वित्तीय संस्थाको चुक्ता पूँजी रु. ८१,८९,११,४००/०० ( अक्षरेपी एकासी करोड उनान्नब्बे लाख एघार हजार चार सय मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले ८१,८९,११४ (एकासी लाख उनान्नब्बे हजार एक सय चौध) थान साधारण शेयरमा विभाजित गरिएको छ । | दफा ५(ग): वित्तीय संस्थाको चुक्ता पूँजी रु. १,९०,१४,६८,००५/०० (अक्षरेपी एक अरव नब्बे करोड चौध लाख अड्सट्ठी हजार पाँच मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १,९०,१४,६८०.०५ (एक करोड नब्बे लाख चौध हजार छ सय असी दशमलव पाँच ) थान साधारण शेयरमा विभाजित गरिएको छ । | |

**विशेष प्रस्ताव नं. ३. समृद्धि फाइनान्स कं. लि. र पोखरा फाइनान्स लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि मूल्यांकनकर्ता P.L.R.G Associates बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम समृद्धि फाइनान्स कम्पनी लिमिटेडको १ कित्ता शेयर बराबर पोखरा फाइनान्स लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर कायम हुने गरी आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ताबराबर एक कित्ता) शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्ने ।**

Samriddhi Finance

निर्णय : विशेष प्रस्ताव नं. ३ माथि छलफल गर्दा समृद्धि फाइनान्स कं. लि. र पोखरा फाइनान्स लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि मूल्यांकनकर्ता P.L.R.G Associates बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम समृद्धि फाइनान्स कम्पनी लिमिटेडको १ कित्ता शेयर बराबर पोखरा फाइनान्स लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर कायम हुने गरी आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ताबराबर एक कित्ता) शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. ४. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त गरेको लेखापरीक्षक/मुल्याङ्कनकर्ता P.L.R.G Associates को नियुक्ति, निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।**

निर्णय : विशेष प्रस्ताव नं. ४ माथि छलफल गर्दा समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त गरेको लेखापरीक्षक/मुल्याङ्कनकर्ता P.L.R.G Associates को नियुक्ति, निजलाई पारिश्रमिक र अन्य खर्च बापत रु. १०,५०,०००/- (अक्षरेपी दशलाख पचास हजार रुपैया मात्र) (भ्याट सहित) प्रदान गर्ने सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. ५. यस संस्थाको मिति २०८१ मंसिर ६ गते सम्पन्न २३ औं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच मिति २०८२/०४/०४ गते (Memorandum of Understanding) समझदारीपत्रमा दस्तखत गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न र सो सम्बन्धमा भएका सम्पूर्ण खर्चहरु अनुमोदन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्णय : विशेष प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस संस्थाको मिति २०८१ मंसिर ६ गते सम्पन्न २३ औं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच मिति २०८२/०४/०४ गते (Memorandum of Understanding) समझदारीपत्रमा दस्तखत गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने साथै सो सम्बन्धमा भएका सम्पूर्ण खर्चहरु अनुमोदन गर्न तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

Samriddhi Finance

**विशेष प्रस्ताव नं. ६. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति लिई पोखरा फाइनान्स लिमिटेडको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्णय : विशेष प्रस्ताव नं. ६ माथि छलफल गर्दा समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति लिई पोखरा फाइनान्स लिमिटेडको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

**विशेष प्रस्ताव नं. ७. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात गठन हुने सञ्चालक समितिमा संस्थाबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको प्रस्तावित नाम पारित गर्ने ।**

निर्णय : विशेष प्रस्ताव नं. ७ माथि छलफल गर्दा समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात गठन हुने सञ्चालक समितिमा संस्थाबाट प्रतिनिधित्व गर्न देहाय अनुसारको सञ्चालकहरुको नाम सञ्चालक समितिको मिति २०८२/०९/२० मा बसेको ५३७ औं बैठकबाट सिफारिस भएबमोजिम सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

| क.सं. | सञ्चालकको नाम | समुह |
|---|---|---|
| १. | श्री अजय कुमार मिश्र | स्वतन्त्र |
| २. | श्री सुदिप घिमिरे | संस्थापक |
| ३. | श्री दिनेश कुमार बर्तौला(प्रतिनिधि, पद्मोदय प्रा.ली.) | संस्थापक |
| ४. | श्री दुर्गा थापा | सर्बसाधारण |

**विशेष प्रस्ताव नं. ८. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा पूँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफा तथा नियमहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु तथा आवश्यकता अनुसार संस्था दर्ता, प्यान दर्ता, खारेजी लगायतका कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

Samriddhi Finance

निर्णय : विशेष प्रस्ताव नं. ८ माथि छलफल गर्दा समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा पूँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य सवै विषयमा आवश्यक दफा तथा नियमहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु तथा आवश्यकता अनुसार संस्था दर्ता, प्यान दर्ता तथा खारेजी लगायतका कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

विविध शीर्षकमा कुनै विषय छलफलका लागि प्रस्तुत भएनन् ।

**सभाको बिसर्जन :**

अन्त्यमा, यस चौविसौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीको प्रगतिको लागि आफ्नो अमूल्य सुझावहरु व्यक्त गरी सभा सौहार्दपूर्ण वातावरणमा सफल गराई दिनु भएकोमा शेयरधनी महानुभावहरु, सञ्चालकज्यूहरु, व्यवस्थापन एवम् कर्मचारी वर्ग तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद दिंदै सभापतिज्यूले सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

विनोद राज पौडेल
(कम्पनी सचिव)

Samriddhi Finance

अजय कुमार मिश्र
(अध्यक्ष)